# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ५ संख्या : ३ फाल्गुन ०९, २०७८


## भाग-२

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको

## सूचना

## खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति संचालन कार्यविधि, २०७८

**सम्वत २०७८ सालको कार्यविधि नं.३**

प्रस्तावनाः मुसिकोट नगरपालिका क्षेत्रभित्र सफा र स्वस्थकर खानेपानीको पहुँच सबै नगरबासीहरुमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन तथा नगरपालिका भौगोलिक क्षेत्रमा रहेको खेति योग्य जग्गामा सिंचाई सुविधा विस्तार गरी कृषि उत्पादनमा वृद्धि गरी नगर विकासमा टेवा पुरयाउने उद्देश्यले खानेपानी सरसफाई तथा

सिंचाई उपभोक्ता समितिहरुको गठन सम्बन्धी व्यवस्था गर्न आवश्यकता भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड (ध) २ र उपदफा ४ को खण्ड ग ३ बमोजिम मुसिकोट नगरकार्यपालिकाबाट मिति : २०७८/१०/.... मा स्वीकृत भई खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति संचालन कार्यविधि, २०७८ बनाइएको छ ।

## १. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

१) यस कार्यविधिको नाम‘खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति संचालनकार्यविधि, २०७८’ रहेको छ ।

२) यो कार्यविधि मुसिकोट नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

३) यो कार्यविधि तत्कालप्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “खानेपानी” भन्नाले पिउन योग्य स्वच्छ पानीलाई सम्झनुपर्छ ।

(ख) “सिंचाई” भन्नाले कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले कृषि योग्य जमीनमा भुमिगत तथा सतह पानीलाई नहर, कुलो तथा पाइको माध्यमवाट सिंचित गर्न प्रयोगमा ल्याइने पानीलाई जनाउँदछ ।

(ग) “प्रमुख” भन्नाले मुसिकोट नगरपालिकाका प्रमुख सम्झनुपर्छ ।

(घ) “उप प्रमुख’ भन्नाले मुसिकोट नगरपालिकाका उप प्रमुख सम्झनुपर्छ ।

(ङ) “कार्यपालिका” भन्नाले मुसीकोट नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन र मुसीकोट नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएका कुरालाई सम्झनु पर्दछ ।

(छ) "नगर सभा" भन्नाले मुसीकोट नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(ज)"प्रमुख प्रशासकीय अधिकृत' भन्नाले मुसिकोट नगरपालिकाको प्रमुख प्रशासकीय अधिक सम्झनुपर्छ ।

(झ)"समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी सरसफाई ि उपभोक्ता समिति र सिंचाई उपभोक्ता समिति सम्झनुपर्छ ।

३. **उपभोक्ता समिति दर्ता गर्नुपर्नेः**स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी खानेपानी सरसफाई रखेति योग्य जग्गामा सिंचाई सुविधा विस्तार गरी कृषि उत्पादनमा वृद्धि गरी नगर विकासमा टेवा पुरयाउन सिंचाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समितिले कार्य सञ्चालन गर्नुपर्नेछ । यस कार्यविधि बमोजिम दर्ता नगरी कुनै पनि उपभोक्ता समितिले आफ्नो कार्यसञ्चालन गर्नु हुँदैन ।

## ४. समिति दर्ताः

१) समिति दर्ता गर्न चाहने कुनै सात जना वा सोभन्दा बढी व्यक्तिहरुले समिति सम्बन्धी देहायको विवरण संलग्न गरी अनुसूची १ को ढाँचामासमिति दर्ताको लागि निवेदन दिनु पर्नेछ र अनुसूची २ र ३ बमोजिमको ढाँचामा समितिको विधानको एक प्रति र तोकिएको दस्तुर सहित नगरपालिकाप्रमुख समक्ष खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति दर्ताको लागि निवेदन दिनु पर्नेछ ।

क) उपभोक्ता समितिको विधान

ख) कार्य समितिको निर्णय प्रतिलिपि

ग) समितिको नाम

घ) उद्देश्यहरु

ङ) समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रतिलिपि

च) कार्यालयको ठेगाना

छ) समिति सञ्चालनको विधि र प्रक्रिया ।

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि दफा ४ को समितिको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरीखानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति दर्ता गर्न उचित ठानेमा दर्ता गरी अनुसूची ४ को ढाँचामा प्रमाण-पत्र दिइनेछ ।

३) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले २१ दिनभित्र त्यस्तो निर्णय उपर नगरकार्यपालिका समक्ष उजुर गर्न सक्नेछ ।

४)उपदफा (३) बमोजिमको उजुरी प्राप्त भएपछि नगरकार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिब ठहऱ्याएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले दर्ता गरिदिनु पर्नेछ ।

५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा अनुसूची ४ बमोजिम हुनेछ ।

६) दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नवीकरण गर्नु पर्नेछ । समिति दर्ता गर्दा लाग्ने दर्ता दस्तुर रु. एक हजार लाग्ने छ । नविकरण दस्तुर तथा जरीवना दस्तुर मुसिकोट नगरपालिकाको प्रचलीत आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

## ५. समिति संगठित मानिनेः

१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

## ६. संस्थाको सम्पत्तिः

१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा नगरकार्यपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राख्नेबाट फिर्ता लिई समितिलाई बुझाइदिन सक्नेछ ।

२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी नगरकार्यपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा उजुर गर्न सक्नेछ ।

३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध गरेमा समिति वा समितिको कुनै सदस्य उपर कानून बमोजिम नगरकार्यपालिकाले कारबाही चलाउन सक्नेछ ।

## ७. यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले पुनः दर्ता गर्नु पर्ने ।

१) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भइरहेका समितिले यो कार्यविधि प्रारम्भ भएको मितिले ६ महिना भित्र यो कार्यविधि बमोजिम पुन दर्ता गराउनु पर्नेछ । दर्ता हुनको लागि पहिले प्राप्त गरेको दर्ता प्रमाणपत्र, विधान, गत आ.व.सम्मको लेखापरीक्षण

प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## ८. समितिको उद्देश्यहरुमा हेरफेरः

१) समितिको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा सो समितिलाई कुनै अर्को समिति गाभ्न उचित देखिएमा सो समितिले सम्बन्धित प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ तर सो प्रस्ताव लागू गर्न नगर कार्यपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**९.संघ गठन गर्न सकिने** : दर्ता स्वीकृति प्राप्त गरी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी सरसफाई उपभोक्ता समिति र सिंचाई उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई सदस्य एक मानी नगरपालिका स्तरीय छुट्टाछुट्टै खानेपानी सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख र सहयोगमा मातहतका सम्पूर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

**१०. हिसाबको विवरण पठाउनु पर्ने** : उपभोक्ता समितिले आफ्नो समितिको कारोबारको लेखापरीक्षण गराई लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष नगर कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ ।

## ११. हिसाब जाँच गर्ने :

१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफूले नियुक्त गरेको अधिकृतद्वारा कुनै पनि बखत जाँच गराउन सक्नेछ ।

२) हिसाब जाँच गर्ने अधिकृतले तोकिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले सो प्रतिवेदन नगर कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुन पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने नगर कार्यपालिकालाई लागेमा नगर कार्यपालिकाले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल उपर गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्नेछ ।

**१२. निर्देशन दिने** : नगर कार्यपालिकाले सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

## १३. समितिको विघटन वा त्यसको परिणाम:

१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याएसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ ।

३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीहरुको जायजेथाबाट प्रचलित कानून अनुरुप असुल उपर गरिनेछ ।

१४. **विघटन तथा सञ्चालन** : समितिले आफ्नो विधान अनुसार तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन गर्न नसकेमा उक्त कार्यसमिति स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभएसम्म नगर कार्यपालिकाले तोकेको तदर्थ समितिबाट समिति सन्चालन हुनेछ ।

# अनुसूची १
(दफा ५ को उपदफा(१) सँग सम्बन्धित)

## निवेदन पत्रको ढाँचा

मिति :

श्रीमान नगर प्रुमख ज्यू
मुसिकोट नगर कार्यपालिकाको कार्यालय
रुकुम , पश्चिम ।

विषय : खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति दर्ता गरिदिने बारे ।

महोदय,

हामीले ......................... उपभोक्ता समिति गठन गरी दर्ता गरेर सञ्चालन गर्न चाहेकोले मुसिकोट नगरपालिका, खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति कार्यविधि, २०७८ को दफा (५) को उपदफा (१) बमोजि खानेपानी सरसफाई समिति/सिंचाई उपभोक्ता समिति दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको एक प्रति विधान सहित नगरपालिकाको नियमाअनुसार लाग्ने दर्ता दस्तुरको भौचरको यसै निवेदन साथ संलग्न राखी समिति दर्ताको निवेदन पेश गरेका छौं ।

**विवरण** :

१.समितिको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्यहरु :(क) .............. (ख) ............. (ग) .........

४. सदस्यको विवरण

| क.सं. | सदस्यहरुको नाम | ठेगाना | पेशा | ना.प्र.प.नं.( | फोन नं. |
|---|---|---|---|---|---|
| | | | | _ | |

५. उपयोग गरिने जलश्रोतको विवरण :

क) पानी श्रोतको नाम र ठेगाना :

ख) पानीको स्रोत परिमाण अवस्था :

ग) समितिले उपयोग गर्न चाहेको पानीको परिमाण :

घ) हाल प्रयोगमा आइसकेको पानीको परिमाण :

६.समितिले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :

क) सेवाको किसिम :

ख) सेवा पुऱ्याउने क्षेत्र :

ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्या :

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :

७. आर्थिक श्रोतको विवरण :

८. कार्यालयको ठेगाना : निवेदक, उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेको

सही :

नाम :

पद :

ठेगाना :

# अनुसूची - २
## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
## खानेपानी सरसफाई उपभोक्ता समितिको विधान, २०७८

प्रस्तावनाः खानेपानी उपभोक्ता समितिको मुल्य मान्यता र सिद्धान्त अनुरुप समुदायको आधारभूत आवश्यकताहरु स्थानीय स्तरमा नै परिपूर्ति गरी खानेपानीको दिगो रुपमा समाधान गर्ने उद्देश्य भएका हामी समुदायहरु एकजुट भई आफ्नो विकास आफै गर्न एक खानेपानी उपभोक्ता समितिका संस्थाको स्थापना गरी संचालन गर्न आवश्यक भएकोले खानेपानी सरसफाई तथा सिंचाई उपभाृक्तासमिति संचालन कार्यविधि, २०७८ को दफा ३ ले लिएको अधिकार प्रयोग गरी मुसिकोट नगरपालिका वडा नं. .........को ....... टोलमा खानेपानी सरसफाई उपभोक्ता समिति स्थापना गर्न आवश्यक देखिएकोले यो विधान तर्जुमा गरी ............... खानेपानी सरसफाई उपभोक्ता समिति गठन गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क)यो विधानलाई “...................................खानेपानी सरसफाई समिति २०७... को विधान भनिने छ ।

(ख) यो उपभोक्ता समितिको विधान तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग भएका शब्दहरुको अर्थ निम्नानुसार हुनेछः-

(क)“विधान” भन्नाले ............ खानेपानी सरसफाई उपभोक्ता समिति २०........लाई सम्झनु पर्दछ ।

(ख) “नियम” भन्नाले यस विधान अन्तर्गत कार्य समितिले बनाई लागु गरेको नियमलाई जनाउँछ ।

(ग) "कार्य समिति" तथा "मुल समिति" भन्नाले यस विधान अनुसार उपभोक्ताहरुबाट निर्वाचित खानेपानी सरसफाई उपभोक्ता समितिलाई जनाउँछ ।

(घ) "समिति" भन्नाले खानेपानी सरसफाई उपभोक्ता समितिलाई जनाउँछ ।

(ङ) "संस्था" भन्नाले.................. खानेपानी सरसफाई उपभोक्ता समितिलाई जनाउँछ ।

(च) "उप-समिति" भन्नाले मुल समितिले आफु निहित सम्पूर्ण वा आंशिक अधिकार प्रत्योजना गर्ने गरी खास स्थान क्षेत्र तथा कार्यका लागी बनाइने समिलिाई जनाउँछ ।

(छ) "संरक्षण समिति" भन्नाले मुल समितिको मातहत रहने गरी आयोजना निमार्ण क्षेत्रको संरक्षणार्थ बन्ने समितिलाई जनाउँछ ।

(ज) "आयोजना" भन्नाले यस विधान बमोजिम ................ खानेपानी सरसफाई उपभोक्ता समितिले संचालन गर्ने कार्यलाई जनाउँछ ।

(झ) "क्षेत्र" भन्नाले यस विधान अनुसार गठित समितिले उपलब्ध गराउने सेवा, सुविधा वा निमार्ण गरिने स्थलले ढाक्ने भौगोलिक कार्यक्षेत्र सम्झनु पर्दछ ।

(ञ) "वार्ड" भन्नाले नेपाल सरकाले स्थानिय निर्वाचनका लागी विभाजन गरेको राजनितिक सीमा क्षेत्र नगरपालिकाको वार्डलाई जनाउँछ ।

(ट) "गैर सरकारी संस्था" भन्नाले यस संस्थाले राखेको उद्देश्यसंग मेल खाने केन्द्रिय स्तरमा दर्ता भएका सेवाभावले गठित गैह्र सरकारी संस्थालाई जनाउँछ ।

(ठ) "दातृ संस्था" भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय, सरकारी तथा गैह्र सरकारी संस्थालाईजनाउँछ ।

(ड) "जनसहभागिता" भन्नाले जनताबाट दिइने निःशुल्क सेवा, जनसहयोग तथा जन श्रमदानलाई जनाउँछ ।

(ढ) "उपभोक्ता" भन्नाले यस विधान अनुसार ............ खानेपानी योजनाबाट सेवा सुविधा उपभोग गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ण) "उपभोक्ता समूह" भन्नाले यस संस्थाको कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष सेवा तथा सुविधा उपभोग गर्ने व्यक्तिहरुको समुदायलाई जनाउछ ।

(त) "साधारण सभा" भन्नाले विधान अनुसार गरिने उपभोक्ता समूहको "सभा" "वैठक" लाई जनाउँछ ।

(थ) "सदस्य" भन्नाले यस आयोजनाबाट सेवा-सुविधा प्राप्त गर्ने विधान बमोजिमका उपभोक्तालाई जनाउँछ ।

(द) "उपभोक्ता समितिको सदस्य" भन्नाले मुल उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्यसचिव, कोषाध्यक्ष लगायतका मुल समितिका अन्य सदस्यलाई जनाउँछ ।

(ध) "उपभोक्ता समितिको पदाधिकारी" भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउँछ ।

(न) "अध्यक्ष" भन्नाले विधान अनुसार निर्वाचित मुल समितिको अध्यक्षलाई जनाउँछ ।

(प) "उपाध्यक्ष" भन्नाले विधान अनुसार निर्वाचित मुल समितिको उपाध्यक्षलाई जनाउँछ ।

(फ) "सदस्य-सचिव" भन्नाले विधान अनुसार निर्वाचित मुल समितिको "सचिव" लाई जनाउँछ ।

(ब) "कोषाध्यक्ष" भन्नाले विधान अनुसार निर्वाचित मुल समितिको कोषाध्यक्ष लाई जनाउँछ ।

(भ) "कार्यालय-सचिव" भन्नाले विधान अनुसार नियुक्त "कर्मचारी" लाई जनाउँछ ।

(म) "संयोजक" भन्नाले निर्मीत तथा निर्माणाधिन आयोजनाको कार्य सम्पादन संचालन तथा व्यवस्थापनका लागी कुनै क्षेत्र, वार्ड तथा

कार्यका लागी गठन गरिने समिति-उपसमितिका प्रमुख, संयोजकलाई जनाउँछ ।

(य) “संरक्षक” भन्नाले निर्मित तथा निर्माणधिन आयोजना, क्षेत्रको संरक्षणार्थ गठन हुने उप-समितिका प्रमुख, संरक्षकलाई जनाउँछ ।

(र) “सार्वजनिक धारा” भन्नाले उपधोक्ता समितिले जनताको जीवन स्तर र आवश्यकतालाई हेरी नि:शुल्क पानी उपभोग गराउन कसैको अधिकार क्षेत्रभित्र नरही जनसमुदायको माझ रहेको पानीको “धारा” लाई जनाउँछ ।

(ल) “सेवा शुल्क” भन्नाले यस विधान अनुसार गठित उपभोक्ता समितिले संचालन गरेको आयोजनाबाट सेवा सुविधा प्रदान गरेवापत तोकिएको “शुल्क” लाई जनाउँछ ।

३. चिन्ह वा छाप:- यस संस्थाको औपचारिक प्रयोगका निमित्त छुट्टै छाप हुनेछ ।

३.१ छापको विवरण:- .....................खानेपानी सरसफाई उपभोक्ता समिति २०.........

३.२ चिन्हको विवरण:-

नोट:- गोलाकार छाप हुनेछ, जसको माथिको भागमा .............. खानेपानी सरसफाई उपभोक्ता समिति र तलको भागमा मुनपा, रुकुम पश्चिम २०...... र बीचमा धाराको चिन्ह हुनेछ ।

४. कार्यालय:- संस्थाको कार्यालय .......... मा रहने छ ।

## परिच्छेद-२
## उद्देश्य र कार्यक्षेत्र

५.प्रचलित कानूनको परिधिभित्र रही कार्य संचालन गर्ने गरी यस संस्थाको मुख्य उद्देश्य निम्नानुसार हुनेछन् :

५.१ योजनाले समेटेका जनतालाई खान र सरसफाईका लागि सफा र स्वच्छ पानी उपलब्ध गराउने ।

५.२ सार्वजनिक स्थल, कमजोर आर्थिक श्रोत तथा न्यून आय भएका जनसमुदाय बीच सार्वजनिक धारा निर्माण गर्ने र अन्य निजी धारा जडान गर्न सक्ने उपभोक्ताहरु लाई निजी धारा दिए र पानी उपलब्ध गराउने ।

५.३ राष्ट्रिय-अन्तर्राष्ट्रिय, सरकारी गैह्र सरकारी दातृ संस्थाहरुलाई आकर्षित गरी सहयोग लिई अधिक क्षेत्रमा स्वच्छ पानी उपलब्ध गराउने, वातावरणीय सरसफाई गर्ने कार्य योजना- कार्यक्रम विस्तार गर्ने ।

५.४ खानेपानी तथा वातावरणीय सरसफाई कार्यक्रम विस्तार गर्न नगरपालिका, प्रदेश सरकार तथा संघीय सरकारवाट स्रोत साधन जुटाउने कार्ययोजना प्रस्तुत गर्ने ।

५.५ उपभोक्ताहरु मध्येबाट आवश्यकता अनुसार योग्य व्यक्तिहरुलाई खानेपानीको मिस्त्रिको रुपमा छनौट गरी नियुक्त गर्ने, तालिम व्यवस्था गर्ने ।

५.६ प्राविधिक कर्मचारीहरुलाई उत्प्रेरकका रुपमा तालिम दिलाउने ।

५.७ संचालन तथा मर्मत सम्भार, व्यवस्थापन बारे बर्षको २ पटक ............. कार्यालयको रोहवरमा मूल्यांकन गर्ने ।

५.८ स्वच्छ खानेपानीको उपयोग, वातावरणीय सरसफाई, यस आयोजनाको लक्ष्य बारे जनतालाई जानकारी गराउने, चेतना अभिवृद्धि गर्ने र कार्यक्रम संचालनका लागि जनसहभागिता जुटाउने ।

५.९ आयोजना संचालन गरिने क्षेत्रको छनौट, तयारी, कार्यान्वयन आदि कामका लागि पूँजी श्रम र साधनको व्यवस्था गर्ने, श्रोत परिचालनको व्यवस्था गर्ने ।

५.१० कार्यान्वयन पूरा भएका आयोजनाको स्वामित्व बुझिलिई उपभोक्ता समितिले नै योजना संचालन मर्मत सम्भार गर्ने तथा शुल्क उठाउने ।

५.११ कार्यान्वयन पुरा भएका आयोजनाको समय-समयमा चाहिने मर्मत संभार, रेखदेख तथा फाईदा बाँडफाँडको व्यवस्था न्यायोचित तरिकाले गर्ने ।

५.१२ उपभोक्ताहरुलाई परेको खाँचो पुरा गर्न क्षेत्रको आवश्यकता छनौट गरी कार्यान्वयन गर्ने ।

५.१३ संचालन हुने सबै विकास निर्माण कामका लागि आयोजनाका सवै उपभोक्ताहरुलाई सहभागी बनाउने ।

५.१४ संचालन भएका र हुने आयोजनाका उपभोक्ताहरुलाई उपभोक्ता समूह एकजुट गराउने ।

५.१५ समूहको कार्यक्रम र नीति यस विधानको अधिनमा रही समितिले तोके अनुसार हुनेछ ।

## परिच्छेद - ३
## सदस्यता

६. सदस्यता :-

यस संस्थाबाट प्रदत्त सेवा तथा सुविधा प्रत्यक्ष तथा अप्रत्यक्ष तवर वा उपभोग गर्ने उपभोक्ताहरु उपभोक्ता समूहका सदस्य हुनेछन् । साधारणतया उपभोक्ताहरुको घरको मूली (उपभोक्ताका रुपमा दर्ता भएका व्यक्ति/ग्राहक) यसको सदस्य हुन्छन् ।

७. सदस्यको योग्यता :-

यस संस्थाको विधान र नियमलाई पालना गर्ने उपभोक्ता (व्यक्ति) सदस्यको लागि योग्य मानिन्छ ।

८. सदस्यता नरहने अवस्था :-

यस संस्थाको विधान र नियमलाई पालना नगर्ने उपभोक्त (व्यक्ति) संस्थाको सदस्य रहने छैन ।

# परिच्छेद - ४
# उपभोक्ता समूह र उपभोक्ता समिति

९. उपभोक्ता समूह :-

यस संस्थाको कार्यक्रमबाट प्रत्यक्ष  रुपमा सेवा तथा सुविधाहरु उपभोग गर्ने व्यक्तिहरु उपभोक्ता समूह भित्र पर्दछन् । यस संस्थाको विधान बमोजिम सदस्यता प्राप्त व्यक्ति उपभोक्ता समूहको सदस्यता प्राप्त व्यक्ति उपभोक्ता समूहको सदस्य मानिन्छ र सो व्यक्तिले उपभोक्ता समूहको सभा बैठकमा सहभागी बन्न पाउँछ ।

१० उपभोक्ता समूहको साधारण सभाः-

१०.१ मुल उपभोक्ता समितिले तोकेको मिति र स्थान र समयमा उपभोक्ता समूहको “साधारण सभा” बन्ने छ । एक साधारण सभाबाट अर्को साधारण सभाको अवधि १२ महिना भन्दा बढी हुने छैन । प्रत्येक बर्ष उपभोक्ता समूहको साधारण सभा बस्ने छ । उपभोक्ता समूहको साधारण सभा समितिका  अध्यक्ष  र सदस्य सचिवले वोलाउनु पर्नेछ ।

१०.२ उपभोक्ता उप-समितिका सबै सदस्यहरु, सबै धारा संरक्षण तथा सरसफाई उप-समितिका निर्वाचित १, १ जना प्रतिनिधि र मुल उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरु उपभोक्ता समूहको साधारण सभाका प्रतिनिधी (सदस्य) हुनेछन् ।

१०.३ अन्य समस्त उपभोक्ताहरु उपभोक्ता समूहको साधारण सभामा पर्यवेक्षकको रुपमा सहभागीता पाउने छन् । उनीहरलाई चुन्ने चुनिने अधिकार भने हुने छैन ।

उपभोक्ता समूहको साधारण सभाको नियम परिधि भित्र रहि सबै प्रतिनिधि पर्यवेक्षकले आफ्ना जिज्ञासा राख्न सक्नेछन् ।

नोटः- उपभोक्ता समूहको साधारण सभा हुनुभन्दा २१ दिन अघि प्रतिनिधि, पर्यवेक्षक तथा उपभोक्ताहरुलाई बैठक हुने मिति,

स्थान, समय र विषयहरु बारे लिखित रुपमा जानकारी गराइने छ ।

१०.४ कुल प्रतिनिधि सदस्यहरु मध्ये ५० प्रतिशत सदस्यको उपस्थिति रहेको अवस्थामा उपभोक्ता समूहको साधारण सभाको काम-कार्वाही संचालन हुनेछ ।

१०.५ ५० % प्रतिनिधि सदस्यहरुको उपस्थिति तोकीएको दिन र समय अनुसार नभएमा उपभोक्ता समूहको साधारण सभा स्थगित गरी ३ तिन दिन भित्र पुनः अर्को सभा बैठक बस्नेछ ।

१०.६ त्यसरी दोस्रो पटक तोकेको मिति, दिन र समय अनुसार तोकिएको प्रतिनिधि सदस्यहरुको उपस्थिति नपुगे पनि उपस्थित संख्याको ४०% प्रतिशत पुगेमा साधारण सभा बैठक बस्न सक्नेछ । दोस्रो पटक बसेको साधारण सभामा उपस्थित प्रतिनिधिको संख्या कुल प्रतिनिधि संख्याको ४०% नपुगेमा सो सभालाई त्यसदिन स्थगित गरी ४८ घण्टा भित्र पुनः तेस्रो पटक बस्नेछ । तेस्रो पटक बसेको साधारण सभामा उपस्थित प्रतिनिधीको बहुमतबाट प्रस्तावहरु पारित गरिने छ ।

१०.७ विशेष सभा/बैठकः- कार्य समितिका ५०% सदस्य अथवा उपभोक्ता सदस्यहरुले समय अवधि अगावै उपभोक्ता समूहको साधारण सभाको माग गरेमा विशेष साधारण सभा बस्न सक्ने छ । विशेष साधारण सभा अध्यक्ष र सचिवले बोलाउनु पर्नेछ ।

११. उपभोक्ता समूहको साधारण सभाको काम, कर्तव्य र अधिकारः- समूहको काम, कर्तव्य र अधिकार तल उल्लेख गरे अनुसार हुनेछः-

११.१ मुल समितिबाट पेश भएका प्रतिवेदनलाई छलफल सहित पारित गर्ने ।

११.२ संस्थाको आगामी कार्यक्रम तथा योजना तर्जुमा गर्ने ।

११.३ बजेट पारित गर्ने ।

११.४ निर्वाचन गराउने मुल उपभोक्ता समिति गठन गर्ने ।

११.५ लेखा परिक्षण गराउने, लेखा परिक्षक नियुक्त गर्ने, लेखा परिक्षकको पारिश्रमिक तोक्ने ।

११.६ संस्थाको आयश्रोत जुटाउने, खर्च गर्ने, उपभोक्ताहरुलाई अधिक सेवा सुविधा उपलब्ध गराउन योजना तर्जुमा गर्ने ।

११.७ विधान संसोधन गर्ने ।

११.८ संस्थाको उद्देश्य पुर्तिका लागी आवश्यक नीति निर्धारण गर्ने, नियम पारित गर्ने तथा निर्देशन गर्ने ।

११.९ आवश्यक कार्यका लागी पारिश्रमिक भत्ता तोक्ने ।

११.१० आयोजनाका लागी जनश्रम, पुँजी तथा साधन प्राप्त गर्न र परिचालन गर्न योजना बनाउने ।

१२. उपभोक्ता समितिको साधारण सभा बैठकको अध्यक्षताः-

मुल उपभोक्ता समितिको अध्यक्षले नै उपभोक्ता समूहको साधारण सभा, बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि नभएमा समितिमा सदस्यहअरुबाट निर्वाचित व्यक्तिले अध्यक्षता गर्नेछन् ।

१३. उपभोक्ता समूहको साधारण सभा छलफल र निर्णयः-

१३.१ उपभोक्ता समूहको साधारण सभामा पेश गरिने सबै प्रस्ताबहरु छलफलद्वारा उपस्थित सदस्यको सामान्य बहुमतबाट पारित हुनेछन् । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

१३.२ उपभोक्ता समूहको साधारण सभाको काम, कार्यवाही उपस्थिति आदि उल्लेख गर्न एउटा बैठक कापी (माइन्युट बुक) हुनेछ ।

१४. मुल उपभोक्ता समितिको गठनः-

खानेपानी आयोजनालाई सरल तरिकाले समयमा पुरा गर्न संरक्षण सम्बर्द्धन र विकास तथा संचालन गर्न उपभोक्ता समूहले एक मुल उपभोक्ता समिति गठन गर्नेछ । विधानता : गठित विभिन्न वार्ड-क्षेत्रका उपसमितिका सदस्यहरु प्रत्येक धारा संरक्षण समितिका निर्वाचित १/१ जना प्रतिनिधि र निबर्तमान मूल समितिका सदस्यहरुको प्रतिनिधित्व रहेको सभा “उपभोक्ता

समूहको साधासण सभा” ले महिला समेत भएको सबै वार्ड/क्षेत्रबाट प्रतिनिधित्व गर्ने गरी ९ सदस्यीय “मूल उपभोक्ता समिति” को निर्वाचन गर्नेछन् । उक्त निर्वाचित ९ सदस्यहरुले आफुहरुको पद चयन गर्नेछ । यसलाई उपभोक्ता समूहको “कार्य समिति” पनि भनिन्छ ।

अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव, कोषाध्यक्ष र सदस्यहरु समितिका पदाधिकारी भनिन्छ । मूल उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारी सदस्यहरुको कार्यकाल २ (दुई) वर्षको हुनेछ ।

१५. उपभोक्ता समितिकको पदबाट हट्ने अवस्थाहरु :-

१५.१ उपभोक्ता समितिको पदबाट राजिनामा दिएमा ।

१५.२ मृत्यु भएमा ।

१५.३ उचित कारण विना लगातार ३ पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा । (सदस्यलाई सफाई दिनबाट बञ्चित गरिने छैन)

१५.४ कुनै सदस्य विरुद्ध उपभोक्ता समूहको साधारण सभाका दुई तिहाई सदस्यले अविश्वस प्रस्तव पास गरेमा ।

१५.५ समिति विघटन भएमा ।

१६. उपभोक्ता समितिको बैठक :-

१६.१ मूल उपभोक्ता समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा आवश्यकतानुसार बस्नेछ ।

१६.२ ५०% सदस्यले वैठक बस्न लिखित अनुरोध गरेमा अध्यक्षले सूचना पाएको ७ दिन भित्र वैठक बोलाउनु पर्नेछ ।

१६.३ साधारणतया समितिको वैठक प्रत्येक महिनाको १ पटक बस्नेछ ।

१७. गणपूरक संख्या :

कुल सदस्य संख्याको बहुमत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

१८. निर्णय प्रक्रिया :
वैठकमा छलफल र निर्णयका लागि पेश गरिएका सबै विषयहरुमा बहुमत सदस्यहरुबाट पारित हुनुपर्नेछ ।

१९. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार :

१९.१ उपभोक्ता समूहको सम्पूर्ण प्रशासनिक अधिकार कार्य समितिमा रहनेछ । सम्पूर्ण कामको उद्देश्य, अभिप्राय, नीति र कार्यक्रमको निश्चय मूल उपभोक्ता समितिले नै गर्नेछ ।

१९.२ समितिले नै आवश्यक कार्यविधि र नियम तर्जुमा गरी वैठक बस्ने प्रक्रिया निर्धारण गर्नेछ ।

१९.३ योजनाको उद्देश्य पूर्तिका लागि आवश्यक पर्ने कार्यविधि समितिले निर्धारण गरी लागु गर्नेछ ।

१९.४ मूल उपभोक्ता समितिले आय-व्ययको विवरण उपभोक्ता समूहको साधारण सभाबाट अनुमोदन गराई कार्यान्वयन गर्नेछ ।

१९.५ समितिले सदस्यहरुको र व्यवस्थापकीय अधिकारीहरुको चूनाव र छनौट प्रक्रिया निर्धारण गर्नेछ ।

१९.६ समितिले आफूमा निहित सम्पूर्ण वा आंशिक अधिकार प्रत्यायोजन गर्ने गरी उपसमिति गठन गर्न सक्नेछ । विधान, नियम उलंघन गर्ने माथि कार्वाही समेत गर्न सक्नेछ ।

१९.७ समितिले तोकिएको अधिकारी र उपभोक्ता समूह समक्ष तोकिए अनुसार आर्थिक तथा लेखा परीक्षण प्रतिवेदन पेश गर्नेछ ।

१९.८ उपभोक्ता समूह तथा समितिका कागजपत्र हिसाव-कितावलाई व्यवस्थित राख्नेछ ।

१९.९ समूहको हरेक छलफललाई वढी भन्दा वढी सहभागिता जुटाई प्रजातान्त्रिक बनाउने माध्यमको रुपमा काम गर्नेछ ।

१९.१० सम्बन्धित विषयका नीति, नियम र लाभकारी जानकारीहरु खोजतलास गरी समूहलाई जानकारी दिनेछ ।

१९.११ दातृसंस्था वा अन्य निकायसँग समूह तथा समितिको तर्फबाट काम गर्नेछ ।

१९.१२ संचालित कामहरुको प्रगति र हिसाव-किताबको विवरण समूहलाई नियमित रुपमा दिनेछ ।

२०. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

२०.१ अध्यक्ष :

२०.१.१ समूह र समितिले सुम्पेका सम्पूर्ण काम, कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने ।

२०.१.२ समूह र समितिको वैठकको अध्यक्षता गर्नुका साथै तोकिएको अवस्थामा मात्र निर्णायक मत दिने ।

२०.१.३ समितिलाई सक्रिय नेतृत्व प्रदान गरी संस्थाको उद्देश्य पूरा हुने कुराहरुमा सम्पर्क बढाउने र साधन जुटाउन सघाउने ।

२०.१.४ समितिको दैनिक कार्य र संचालनको निमित्त निर्देशन दिने र आकस्मिक अवस्थामा निर्णय लिने ।

२०.१.५ समितिको वैठक आवश्यकता अनुसार बोलाउने ।

२०.१.६ बैठकका लागि छलफल गर्ने विषयहरु तयार गर्ने ।

२०.१.७ समितिले गरेको निर्णयहरु कार्यान्वयन गराउने ।

२०.१.८ सरकारी र गैह्र सरकारी निकायसँग सम्बन्ध राखी श्रोतको व्यवस्था गर्ने ।

२०.१.९ आफ्नो क्षेत्रका उपभोक्ताहरुबाट आयोजना सम्बन्धी कामका लागि सहभागिता जुटाउने ।

२०.१.१० संस्थाको चल-अचल सम्पत्ति हेरविचार गर्ने-गराउने ।

२०.१.११ आफू अनुपस्थित भएमा आफ्नो कार्यभार उपाध्यक्ष वा कुनै सदस्यलाई दिने ।

२०.२ उपाध्यक्ष :

२०.२.१ अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने ।

२०.२.२ समितिको नियमावली वा कार्यपद्दतीमा उल्लेखित उद्देश्य हासिल हुने काम गर्ने ।

२०.३ सदस्य-सचिव :

२०.३.१ आयोजनको कार्यक्रम र समितिका काम, कार्यबाहलिाई प्रभावकारी ढंगबाट संचालन गर्न कार्यालय व्यवस्थापनको काम गर्ने ।

२०.३.२ समिति र उपभोक्ता समूहको साधारण सभाको लागि आवश्यक तयारी र व्यवस्था मिलाउने ।

२०.३.३ समूह र समितिको निर्णय वैठक कापीमा लेख्ने ।

२०.३.४ प्रत्येक वैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने ।

२०.३.५ आयोजना कार्यान्वयन सम्बन्धमा राख्नु पर्ने सबै स्रेस्ताहरु राख्ने र सोको जानकारी वैठकमा दिने ।

२०.३.६ आयोजनाका लागि सम्बन्धित क्षेत्रका जनताको सहभागिता जुटाउने ।

२०.३.७ विभिन्न उप-समितिहरुको काम-कार्यवाही बारे जानकारी प्राप्त गर्ने र आवश्यक सहयोग गर्ने ।

२०.३.८ समितिले तोकेका कामहरु गर्ने ।

२०.४ कोषाध्यक्ष :

२०.४.१ आयोजनाको कोष संकलन गर्ने, आय व्ययको हिसाव राख्ने, राख्न लगाउने ।

२०.४.२ कोष वृद्धिको योजना गर्ने ।

२०.४.३ संस्थाको बार्षिक बजेट तयार गर्ने र उपभोक्ता समूहको सभामा मूल समिति मार्फत पेश गरी पारित गराउने ।

२०.४.४ लेखा परीक्षण गराउने ।

२०.४.५ आयोजनाको आर्थिक कारोवारको रेखदेख र नियन्त्रण गर्ने ।

२०.४.६ समितिले असुल गर्नुपर्ने, शुलकहरु असुल गर्ने र भुक्तानी लिनु दिनु पर्ने हिसाव मिलाउने ।

२०.४.७ आयोजनाका लागि दातृ संस्था, जनसहभागिताबाट प्राप्त भएको पूँजी, साधन सामग्री तथा श्रम, सीपको स्रेस्ता ठीक ठीक तरिकाले राख्ने ।

२०.४.८प्राप्त भएको श्रम, सीप,पूँजी र सामग्री कुन कामका लागि कति प्रयोग भयो र कति बाँकी छ भन्ने हिसाव राख्ने।

२०.४.९आयोजनालाई प्राप्त श्रम, सीप, पूँजी र सामग्रीको जिम्मा लिने र यसको प्रयोगको फरफारक लिने ।

२०.४.१० आफ्नो आयोजना क्षेत्रका उपभोक्ताको आयोजना सम्बन्धी जुनसुकै कामका लागि सहभागिता जुटाउने ।

२०.४.११समितिले तोकेको अन्य कार्य गर्ने ।

२०.५ सदस्य :

२०.५.१आयोजना कार्यान्वयन स्थितिको अवलोकन, निरिक्षण गर्ने ।

२०.५.२आयोजना कार्यान्वयन संचालन गर्न चाहिने श्रम, सिप, पूँजी र सामग्रीको मात्रा निधो गर्ने ।

२०.५.३आवश्यकता अनुसार आयोजना क्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने ।

२०.५.४आयोजनाको स्थितिबारे आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने ।

२०.५.५समितिलाई आवश्यक सहयोग, सल्लाह र सुझाव दिने ।

२०.५.६समितिले तोकेको कार्य गर्ने ।

२१.कर्मचारी नियुक्ती :

आयोजना, संचालन, व्यवस्थापनका लागि समितिले आवश्यक पर्ने प्राविधिक, प्रशासनिक पद सृजना गरी कर्मचारी भर्ना गर्न सक्नेछ । यस्ता कर्मचारिहरुको पारिश्रमिक, भत्ता तथा सुविधा समितिले तोके अनुसार हुनेछ ।

२२. मूल उपभोक्ता समितिबाट सबै बार्ड, क्षेत्रको विकास निर्माण कार्यमा नियमित निरिक्षण, सम्पर्क सम्बन्ध राख्ने काम गर्न नसकिने हुन जाने हुँदा आफ्नो बार्ड तथा क्षेत्र भित्रसंचालन हुने खानेपानी सरसफाई सम्बन्धी विकास निर्माण संरक्षण, सम्बर्द्धन कार्य, सरल तरिकाले समयमा पूरा गर्न मूल समितिको कार्य

योजनालाई सहयोग पुऱ्याउन सोही क्षेत्रका उपभोक्ताहरुबाटै आवश्यकता अनुसार उप समितिको व्यवस्था गरिनेछ ।

२३. खानेपानी सरसफाई उपसमिति (गठन) :

वार्ड विभिन्न क्षेत्रभित्र संचालन हुने आयोजनाको विकास निर्माण, मर्मत संभार, संरक्षण आदि कार्यमा सहयोग पुऱ्याउने मूल समितिको निर्देशानुसार उपसमिति गठन गरिनेछ । वार्ड क्षेत्रभित्रका उपभोक्ताहरुलाई भेला गराई सम्बन्धित भागको प्रतिनिधित्व गर्ने गरी निर्वाचनद्वारा एक जना संयोजक र अन्य सदस्य रहने गरी कम्तिमा २ जना महिला समेत भएको आवश्यकता अनुसार ५ वा ७ सदस्यीय खानेपानी सरसफाई उपसमितिको गठन गर्नेछ । यस समितिको कार्यकाल २ वर्षको हुनेछ ।

२४. उप-समितिको काम, कर्तव्य र अधिकार :

२४.१ मूल समितिका नीति निर्देशन पालना गर्नु गराउनु ।

२४.२ उपभोक्ता, संरक्षण समिति र मूल समिति बीच संचारको माध्यम भई काम गर्नु ।

२४.३ आयोजनाको निर्माण काममा जनसहभागिता लगायत स्थानीय श्रोत र साधन जुटाई आयोजनाको निर्माण संचालन तथा व्यवस्थापन कार्यमा मूल समितिलाई सहयोग गर्नु ।

२४.४ आफ्नो वार्ड, क्षेत्रमा रहेको संरक्षण उपसमितिहरुको संचालन, व्यवस्थापन बारे जानकारी राख्नु, उपसमितिहरुलाई सहयोग पुऱ्याउनु ।

२५. संयोजकको काम, कर्तव्य र अधिकार :

२५.१ आफ्नो क्षेत्रको निर्माण, मर्मत, संभार, संरक्षण, सरसफाई कार्यको अवलोकन, निरीक्षण गर्ने ।

२५.२ खानेपानीको आवश्यकता बारे तथ्याङ्क संकलन गर्ने ।

२५.३ आयोजनाको निर्माण कार्य, संरक्षण तथा सरसफाईको लागि जनसहभागिता जुटाउने ।

२५.४ आयोजनाको उद्देश्य बारे जनतामा जानकारी गराउने, चेतना अभिवृद्धि गर्ने ।

२५.५ नियमित बैठक गर्ने ।

२६. सदस्यको काम, कर्तव्य र अधिकार :

२६.१ संयोजकलाई सहयोग पुऱ्याउने ।

२६.२ मूल समितिका नीति नियमहरु पालना गर्ने, गराउने ।

२६.३ तोकिएको जिम्मेवारी पूरा गर्ने ।

२७. धारा संरक्षण तथा सरसफाई उपसमितिको गठन :

मूल समितिले वार्ड क्षेत्रीय समितिको सहयोगमा सार्वजनीक धाराबाट पानी उपभोग गर्ने (यस संस्थाको विधान र नियमलाई मान्ने) उपभोक्ताहरुलाई भेला गराई निर्वाचनद्वारा कम्तिमा २ जना महिला रहने गरी ३ वा ५ सदस्यीय धारा संरक्षण तथा सरसफाई उपसमिति गठन गर्नेछ । जसमा एक जना संरक्षक र अरु सदस्य हुनेछन् । यस समितिको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

२८. धारा संरक्षण तथा सरसफाई उपसमितिको काम, कर्तवय र अधिकार :

२८.१ मूल समितिका नीति निर्देशन पालना गर्नु ।

२८.२ धारा संरक्षण गर्नु र सफासुग्घर राख्नु ।

२८.३ उपभोक्ताहरुलाई नियमित पानी उपलब्ध गराउने कार्य गर्नु ।

२९. संस्थाको काम, कर्तव्य र अधिकार :

२९.१ धाराको संरक्षण गर्न, सफा-सुग्घर राख्न, नियमित पानी उपलब्ध गराउन आवश्यक कार्य गर्ने ।

२९.२ धाराको अवस्था बारे सम्बन्धित क्षेत्रलाई जानकारी गराउने ।

२९.३ संस्थाको विधान तथा नियमहरु पालना गर्ने, गराउने ।

३०. सदस्यको काम, कर्तव्य र अधिकार :

धारा संरक्षण गर्न र सफा सुग्घर राख्न, नियमित पानी उपभोक्ताहरुलाई उपलब्ध गराउने कार्यमा संरक्षकलाई सहयोग गर्ने ।

३१. आर्थिक श्रोत :

३१.१ करार र सम्झौता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हुने रकम र अनुदान ।

३१.२ उपभोक्ताहरुबाट आयोजनाको सेवा सुविधा उपभोग गरेवापत प्राप्त रकम, सेवा शुल्क र अनुदान ।

३१.३ सरकारी, गैह्र सरकारी संस्था एवं स्थानीय दातृ संस्थाबाट प्राप्त हुने अनुदान सहयोग र भौतिक साधन ।

३१.४ जन सहभागिताबाट प्राप्त हुने श्रम, पूँजी र सामग्रीहरु ।

३२. चल अचल सम्पत्तिको व्यवस्था :

यो एक अविछिन्न उत्तराधिकारीवाला स्वशासित र संगठीत संस्था हुनेछ । यसले प्रचलित कानूनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेचविखन गर्न सक्नेछ । यसले आफ्नो नामबाट नालेस उजुर गर्न सक्ने र यस उपर पनि सोही नामबाट नालेस उजुर लाग्न सक्नेछ ।

३३. कोष व्यवस्था :

३३.१ संस्थाको आफ्नो छुट्टै कोष हुनेछ । संस्थाको सम्पूर्ण खर्च यसै कोषबाट गरिनेछ ।

३३.२ बैंक खाता अध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा कुनै दुईको हस्ताक्षरबाट कारोवार गर्ने गरी खोलिनेछ ।

३३.३ समितिले निर्धारण गरेको कार्य नीति अनुसार कोषाध्यक्षको रेखदेख र सुपरीवेक्षणमा कोषको उपयोग गरिनेछ ।

३३.४ समय समयमा समितिले कोषको उचित उपयोग भए नभएको जाँच गर्न र आवशयक निर्देशन दिन सक्नेछ ।

३३.५ कोष परिचालन, लेखा प्रणाली, लेखा परीक्षण र कोष सम्बन्धी अन्य प्रक्रियाहरु समितिबाट निर्धारित नियम अनुसार हुनेछ ।

३६. श्रम, सीप, पूँजी र सामग्री व्यवस्थापन प्रक्रिया :
उपभोक्ता समितिले गर्ने कामका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्री संस्थाको आफ्नो श्रोत, साधनबाट या उपभोक्ताहरु र दातृ संस्थाबाट व्यवस्था गरिनेछ ।

३७. आयोजना कार्यान्वयन, मर्मत संभारका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्री व्यस्थापन :
आयोजना कार्यान्वयन, मर्मत संभारका लागि चाहिने श्रम, सीप, पूँजी र सामग्री पूर्ति कार्यको प्रकृति र अवस्था हेरी समितिले आफ्नो श्रोत, साधनबाट गर्ने छ । अथवा उपभोक्ताहरुबाट आवश्यक सेवा शुल्क लिएर वा नेपाल सरकार, दातृ संस्थाहरुको सहयोग लिएर पूरा गर्नेछ । यसको स्रेस्ता राखिनेछ ।

३८. लेखा परीक्षण सम्बन्धी व्यवस्था :

३८.१ उपभोक्ता समूहको साधारण सभाले नियुक्ती गरेको लेखा परिक्षकबाट आयोजनाको काम सम्पन्न प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन सम्बन्धित निकाय समक्ष पेश गरिनेछ ।

३९. निर्वाचन सम्बन्धी व्यवस्था :

३९.१ उपभोक्ता समूहको सभाका सदस्यहरुले आफू मध्येबाट उपभोक्ता समितिका सदस्यहरुको निर्वाचन गर्नेछन् ।

३९.२ त्यसैगरी, बार्ड तथा धारा क्षेत्रका उपभोक्ताहरुले आफू मध्येबाट बार्ड क्षेत्रीय, धारा संरक्षण उपसमितिका सदस्यहरुको निर्वाचन गर्नेछन् ।

३९.३ एक पटक पदावधि समाप्त भएको व्यक्ति पुनः निर्वाचित हुन अयोग्य हुनेछैन ।

४०. उम्मेदवारको अयोग्यता :

४०.१ २१ वर्ष उमेर नपुगेको ।

४०.२ मगज विग्रेको भनी स्वीकृत चिकित्सकले प्रमाणित गरि दिएको ।

४०.३ नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको ।

४०.४ समूहको हित विपरित काम कारवाही गरेको प्रमाणीत भएको ।

४०.५ गैर नेपाली नागरिक ।

४१. अविश्वासको प्रस्ताव :

४१.१ समितिको कुनै सदस्य उपर समूहमा अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ । यस्तो परिस्थितिमा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतद्वारा त्यसको प्रस्ताव पारित गरेमा निजको सदस्यता समाप्त हुनेछ ।

४१.२ यो नियम उप-समितिका सदस्यहरुमा पनि लागु हुनेछ ।

४१.३ २५ प्रतिशत सदस्यहरुले संयुक्त रुपमा दस्तखत गरी अविश्वासको प्रस्ताव निवेदन साधराण सभा हुनु अगावै सम्बन्धित समितिमा दर्ता गराउनु पर्नेछ ।

४२. उप-समिति निलम्बन वा खारेज :

संस्थाको विधान तथा नियम विपरित जाने उपसमितिहरुलाई मूल समितिको बहुमतको निर्णयले निलम्बन वा खारेज गर्न सक्ने छ र अर्को व्यवस्था गर्न सक्नेछ ।

४३. रिक्त स्थानको पूर्ति :

कुनै पनिकारणले रिक्त भएको पदमा प्रतिनिधित्व गरिरहेको क्षेत्रबाटै पर्ने गरी बाँकी अवधिको निमित्त निम्न प्रकृयाद्वारा पूर्ति गरिनेछ ।

४३.१ मनोनयन या निर्वाचनद्वारा पदपूर्ति गरिनेछ ।

४३.२ मूल समितिको सदस्यको पदपूर्तिका लागि अध्यक्षद्वारा वैठकमा नाम प्रस्तुत गरी बहुमतबाट पारित गरेर ।

४३.३ उपसमितिहरुको हकमा मूल समितिबाट अनुमोदन गरेर ।

स्पष्टिकरण : उपसमितिहरुको पदपूर्ति गर्नका लागि सदस्यहरुको हकमा संयोजक वा संरक्षकबाट उपसमितिको वैठकमा नाम

प्रस्तुत गरी बहुमतले पारित गरेर, संयोजक वा संरक्षकको हकमा मूल समितिको अगुवाईमा सम्बन्धित उपसमितिका बमुहत सदस्यहरुले पारित गरेर ।

४३.४ पूर्ण उप-समितिको हकमा मूल समितिको पहलमा तदर्थ उप-समिति बनाएर ।

४४. विधान संशोधन :

विधान संशोधन गर्न आवश्यक पर्न आएमा सो कुरा साधारण सभामा पेश गरी सो सभाको सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमतले पारित गरेमा सम्बन्धित निकायबाट स्वीकृत लिई संशोधित विधान लागु गर्न सक्नेछ । विधान संशोधनको प्रस्ताव साधारण सभा बस्नुभन्दा १५ दिन अगावै समिति कार्यालयमा दर्ता हुनु पर्दछ । त्यसरी विधान संशोधन गर्दा खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति संचालन कार्यविधि, २०७८ को अनूसुची २ मा व्यवस्था गरिएको नमुना विधान विपरित गर्न पाइने छैन ।

४५. नियम बनाउने :

विधानमा उल्लेखित उद्देश्य प्राप्त गर्न विधानसँग नबाझिने गरी समितिले नियमहरु बनाई लागु गर्न सक्नेछ ।

४६. संस्थाको प्रगति प्रतिवेदन तथा अन्य :

संस्थाको प्रगति प्रतिवेदनहरु समितिसँग सम्बन्धित निकायहरुमा सम्बन्धित निकायको माग तथा आवश्यकता अनुसार उपलब्ध गराइनेछ ।

४७. संस्थाको उद्देश्य र कार्यक्रम सम्बन्धी अन्य कुराहरु :

४७.१ कार्यसमितिको सिफारिशमा नगरपालिकामा दातृसंस्था समेत समाजका विशिष्ट व्यक्तित्व भएको सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

४७.२ सल्लाहकार समितिले समितिलाई विकास कार्य संचालन गर्ने, नीति निर्धारण गर्ने कुरामा सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

४७.३ संस्थाको उद्देश्यमा थपघट गर्नु परेमा समितिमा सदस्यको निर्णयबाट पारित प्रस्ताव अनुसार सम्बन्धित निकायबाट स्वीकृति लिई कार्यान्वयनमा ल्याइनेछ ।

४८. नियमावलीमा उल्लेखित कुरा बाझेमा बदर हुने :

यस विधानमा लेखिएका कुराहरु प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

४९. दण्ड र जरिवाना सम्बन्धी व्यवस्थाः

उपभोक्ता समूह र समितिक सदस्यहरुमा अनुशासन कायम गर्न तल लेखिए अनुसार दण्ड सजाय गरिने व्यवस्था गरिएको छ ।

४९.१ उपभोक्ता समूह वा समितिको वैठकमा विना जानकारी वा उचित कारण बिना अनुपस्थित सदस्यलाई समितिले जरिवाना गर्न सक्नेछ । यदि यस्तो गल्ती पटक पटक दोहऱ्याएमा निजलाई बढी दण्ड सजाय गर्न सक्नेछ । जरिवाना के कस्तो गर्ने भन्ने निर्णय समितिले पारित गरे बमोजिम हुनेछ ।

४९. २ यदि आयोजनाको कसैले हानी नोक्शानी गरेमा समितिको वैठकबाट नोक्शान गरे बराबर वा वैठकले तोके अनुसार क्षतिपूर्ती भराइनेछ ।

५०. खर्च फरफारक गर्ने :

आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि आयोजनासँग सम्बन्धित सबै आम्दानी खर्चहरु फरफारक गर्नुपर्नेछ ।

५१. आयोजना सेवा संचालन व्यवस्था :

आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ताहरुमा सेवा संचालन गरिनेछ । यसको लागि उपभोक्ताहरुबाट सेवा शुल्क लिन सकिनेछ ।

५२. आयोजना मर्मत संभार व्यवस्था :

आयोजनाहरुलाई दिगो रुपले संचालन गर्न नियमित र आकस्मिक मर्मत संभारको व्यवस्था गरिनेछ।

५३. उपभोक्ता समूहले समितिका पदाधिकारीहरुको काम कारवाही उपभोक्ताको हीत विपरित भएको पाएमा सो समिति खारेज गरी नयाँ गठन गर्न सक्नेछ।

५४. उपभोक्ता समूहको सहमतिबाट समितिले नेपाल सरकार वा अन्य गैह्र सरकारी निकायसँग आयोजना संचालन तथा कार्यान्वयन सम्बन्धमा सम्झौता गर्न सक्नेछ।

५५. उपभोक्ता समूह भन्दा बाहिरका व्यक्ति वा समुदायको आयोजनाबाट पाइने फाइदाहरु लिन चाहेमा सेवाशुल्क वा अन्य शर्तहरु कायम गरी त्यस्ता इच्छुक व्यक्ति वा समुदायलाई समितिको वैठक निर्णयबाट फाइदा उपभोग गर्न दिन सक्नेछ।

५६. आयोजनासँग सम्बन्धित काम कारवाहीमा नगरपालिका वा दातृसंस्था वा सामुहिक पूँजी, श्रम, सामग्री आदि प्रयोग हुन्छ भने नगरपालिकाको प्रतिनिधिलाई अनिवार्य रुपमा समूह वा समितिको वैठकमा सहभागि गराइनेछ।

५७. संस्था विघटन :

संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी अन्य कुनै कारणले यस संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा, चलअचल सम्पत्ति नेपाल सरकारको नाममा सर्नेछ।

५८. बचाउ :

यस अघि ........... खानेपानी सरसफाई उपभोक्ता समिति नामबाट भएका सम्पूर्ण कार्यहरु यस विधान अन्तर्गत भए सरह मानिनेछ।

# अनुसूची ३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

# सिंचाई उपभोक्ता समितिको विधान, २०७८

रुकुम पश्चिम जिल्ला मुसिकोट नगरपालिका वडा नं... स्थित .................. नदी/खोला/ताल/मूल/झरनाको पानीलाई समूचित ढंगले उपयोग गरेर ................ भन्ने ठाउंमा वांध वांधी अन्दाजी ..........कि.मी. लम्वाई भएको ................................सिंचाई योजनामा.......जना मोही रहेको मुसिकोट नगरपालिका वडा नं. ...... स्थित ........... हेक्टर क्षेत्रफल भएको खेति योग्य जग्गामा सिंचाई सुविधा विस्तार गरी कृषि उत्पादनमा वृद्धि गरी नगर विकासमा टेवा पुरयाउने उद्देश्यले उक्त श्रोतवाट .............................. सिंचाई योजना निर्माण गरी आपसी सहयोगद्धारा संचालनमा ल्याउनको लागि .............................. .सिंचाई उपभोक्ता समितिद्धारा यो विधान तयार पारिएको छ । यसमा सिंचाई उपभोक्ता संस्थालाई सवल, सक्षम र सक्रिय वनाउन आवश्यक देखिएकोले मुसिकोट नगरपालिकाले खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति संचालन कार्यविधि, २०७८ को दफा ३ ले दिएको अधिकार प्रयोग गरीयो विधान तयार गरिएको छ ।

## परिच्छेद : १

## संक्षिप्त नाम र प्रारम्भ :

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो विधानलाई “....................................सिंचाई उपभोक्ता समिति २०७... को विधान भनिने छ ।

(ख) यो उपभोक्ता समितिको विधान तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा :-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधान अन्तर्गत,

(क) "सिंचाई" भन्नाले कृषि उत्पादन वृद्धि गर्ने उद्देश्यले कृषि योग्य जमीनमा भुमिगत तथा सतह पानीलाई नहर, कुलो तथा पाइको माध्यमवाट सिंचित गर्न प्रयोगमा ल्याइने पानीलाई जनाउँदछ ।

(ख) "समिति" भन्नाले " ........................................" सिंचाई उपभोक्ता समिति लाई जनाउंदछ ।

(ग) "सिंचित" क्षेत्रफल भन्नाले पुर्वमा ...................... पश्चिममा ....................उत्तर................. र दक्षिणमा.................. यति चार किल्ला भित्ररहेको जम्मा जग्गा ..........हेक्टरलाई जनाउंदछ ।

(घ) " सिंचाई उपभोक्ता समिति " भन्नाले यस विधानको दफा ११ मा उल्लेखित प्रकृया अनुसार गठन भएको समितिलाई जनाउंदछ ।

(ङ) "साधारण सभा" भन्नाले ........... सिंचाई उपभोक्ता समिति को साधारण सदस्यता प्राप्त कृषकहरुको भेलालाई जनाउंदछ ।

(च) "अध्यक्ष" भन्नाले .........................सिंचाई उपभोक्ता समितिको प्रमुख व्यक्तिलाई जनाउंदछ ।

(छ) "उपाध्यक्ष" भन्नाले .........................सिंचाई उपभोक्ता समितिको उप-प्रमुखलाई जनाउंदछ ।

(ज) "सचिव" भन्नाले ..........................सिंचाई उपभोक्ता समितिको सचिवलाई जनाउंछ ।

(झ) "कोषाध्यक्ष"भन्नाले.............................सिंचाई उपभोक्ता समितिको साधारण सदस्यता प्राप्त जल उपभोक्तालाई कोषाध्यक्ष जनाउंछ ।

(ञ) "कार्यकारिणी सदस्य" भन्नाले ...................... सिंचाई उपभोक्ता समितिका सदस्य वा पदाधिकारीलाई जनाउंदछ ।

(ट) "पदाधिकारी भन्नाले" ............................... सिंचाई उपभोक्ता समितिका पदाधिकारी भन्नाले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष वा कुनै सदस्य वा कार्यकारिणी

सदस्य जसलाई समितिको तर्फवाट कार्य गर्ने कुनै दर्जा वा जिम्मेवारी दिईएको व्यक्तिहरुलाई जनाउंदछ ।

(३) **संस्थाको छाप** :-

यस संस्थाको दैनिक कार्यहरुलाई वैधानिकता प्रदान गर्न संस्थाको आफ्नो कार्यालय छाप रहने छ । यो छापको आकार ......................हुनेछ । यो छापमा "................." सिंचाई उपभोक्ता समिति २०...... भन्ने उल्लेख हुनेछ ।

(४) **संस्थाको कार्यालय** :-

संस्थाको कार्यालय रुकुम पश्चिम जिल्ला मुसिकोट नगरपालिका वडा नं.........मा रहनेछ ।

## परिच्छेद–२

## उद्देश्यहरु :

(५) **समितिको उद्देश्यहरु** :-

समितिको मूल उद्देश्य मुसिकोट नगरपालिका वडा नं. .........स्थित नदी/खोला/ताल/मूल/झरनाको पानी सदूपयोग गरी सिंचित कृषि प्रणालीमा सुधार ल्याई कृषि उपजमा वृद्धि ल्याउनु रहेको छ । यसले भरपर्दो सिंचाई प्रणालीको स्थापना, संचालन, मर्मत, सम्भार र विकास गरी सिंचित क्षेत्रकै विकास गराउनमा टेवा पुरयाउने छ ।

**संस्थाको उद्देश्यहरु निम्न अनुसार हुनेछ :-**

(क) सिंचाई प्रणाली जसमा वांध, नहर, कुलो र सिंचित क्षेत्रको लागि पानी वितरण प्रणालीहरुको निर्माण, संचालन, मर्मत संभार र व्यवस्थापन गर्नु । नहर संरचना निर्माण तथा जल उपभोक्ता संस्थाको कार्यालय भवन निर्माणको लागि संस्थाको नाउँमा जग्गा खरिद/व्यवस्था गर्नु ।

(ख) सिंचाई प्रणालीको नयां निर्माण वा निर्माण सुधार कार्य गर्न सरकारी वजेटको परिचालन गर्न सहयोग गर्नु, उपभोक्ता कृषकहरुको श्रोत परिचालन गर्नु र आवश्यक परेमा जल उपभोक्ता समितिलाई राष्ट्रिय वित्तिय संघ-संस्था वा वैंकहरुवाट ऋण लिनमा समेत सघाउनु ।

(ग) जल उपभोक्ता सदस्यहरुलाई प्रभावकारी र क्षेत्रफलको आधारमा समानुपातिक ढंगले पानी वितरण गर्नु ।

(घ) सिंचाई प्रणालीको संचालन, मर्मत संभार र व्यवस्थापनको लागि आवश्यक श्रोत जुटाउन जल उपभोक्ताहरुको प्रयासलाई एकत्रित तथा परिचालन गरी सम्वन्धित निकायहरुसंग आवश्यक समन्वय कायम राख्नु ।

(ङ) निर्माण सुधार कार्य सम्पन्न भएपछि सिंचाई प्रणालीको संचालन, मर्मत संभार र व्यवस्थापनमा प्रचलित सिंचाई नीति अनुसार जिम्मेवारी वहन गर्नु ।

(च) खेती प्रणालीमा सुधार ल्याई उपभोक्ताहरुको जीवनस्तर उकास्न कृषक सिंचाई संस्था व्यवस्थापन समितिको कार्य दक्षतामा सुधार ल्याउन आवश्यक उप-समितिहरुको गठन र परिचालन गर्नु जस्तै : समयमा मलखाद उपलव्ध गराउन सघाउने, उप-समिति, खेती प्रणाली सुधार उप-समिति, वजार व्यवस्थापन उप-समिति, नहर प्रणाली रेखदेख तथा मर्मत संभार उप-समिति, पानी वितरण र शुल्क असूली उप-समिति आदि ।

(छ) वातावरण संरक्षणको लागि आवश्यक गतिविधिहरु संचालन गर्नु ।

(ज) नहर प्रणालीको सु-संचालनका लागि आवश्यक हुन आउने अन्य कामहरु ।

## परिच्छेद -३

## सदस्यता :

(६) **सदस्यताको लागि आवश्यक योग्यता** :

साधारणतया सिंचाई क्षेत्र भित्र जग्गा हुने जोतहा जग्गाधनी वा उनीहरुको अख्तियार प्राप्त व्यक्ति यस संस्थाको सदस्य हुनेछ, तर सिंचाई क्षेत्र (कमाण्ड एरिया) लाई कुनै प्रकारको वेफाईदा नहुने गरी यस संस्थाको वृहत्तर हित हुने कार्यमा साधारण सभाको अधिक वहुमतको निर्णयवाट साधारण सदस्य थप गर्न सकिने छ ।

(७) **सदस्यता शुल्क** :

(क) ......................सिंचाई उपभोक्ता समितिले निर्धारण गरे वमोजिम योग्य सदस्यहरुसंग सदस्यता शुल्क उठाउन सकिने छ ।

(ख) सिंचाई प्रणालीको निर्माण सुधार, मर्मत संभार, संचालन र व्यवस्थापनको लागि आवश्यक रकम जुटाउन साधारण सभाले तोके अनुसार सदस्यता शुल्क वाहेक अन्य शुल्कहरु पनि लिन सकिने छ ।

(८) **सदस्यतावाट निष्काशन वा निलम्बन** :

(क) जग्गाधनीको कुनै पनि तरहवाट जग्गाको स्वामित्व हस्तान्तरण हुन गएमा सदस्यता खारेज हुनेछ र नयां जग्गाधनी वा निजवाट अख्तियार प्राप्त व्यक्तिले सदस्यता ग्रहण गर्न योग्य हुनेछ ।

(ख) ........................सिंचाई उपभोक्ता समितिका नियमहरु उल्लंघन गरेको वा तिर्नु पर्ने शुल्क वा दस्तुरहरु नतिरेको खण्डमा ......................सिंचाई उपभोक्ता समितिको निर्णय अनुसार सदस्यता निलम्बन गर्न सकिनेछ । यदि कुनै निष्काशित

सदस्यले सवै शुल्कहरु तिरेर संस्थाको नियम पालन गरेमा निजलाई पुन : सदस्यता प्रदान गर्न सकिने छ।

## परिच्छेद - ४

## साधारण सभा र .........................सिंचाई उपभोक्ता समिति :

(९) साधारण सभा :

(क) साधारण सभामा ........................सिंचाई उपभोक्ता समितिका सम्पूर्ण सदस्यहरु समावेश हुनेछन्।

(ख) साधारण सभाको वैठक वर्षको २ दुई पटक बस्ने छ। एउटा साधारण सभा वर्षे वाली शुरु हुनु अगाडि र अर्को हिउंदे वाली लगाउनु अगाडि बस्ने छ। साधारण सभा वर्षको एक पटक अनिवार्य रुपमा वस्नु पर्नेछ। आवश्यक परेमा सो भन्दा वढी पटक पनि बस्न सक्नेछ।

(ग) साधारण सभाको मिति, समय, स्थान र छलफल गरिने विषयवस्तुहरु ......................सिंचाई उपभोक्ता समितिद्धारा तय गरिनेछ।

(घ) साधारण सभाको अध्यक्षता कार्य समितिको प्रमुख व्यक्तिले गर्नेछ। उनको अनुपस्थितिमा उप-प्रमुख र निज पनि अनुपस्थित रहेमा सभाले मनोनयन गरेको कुनै एक सदस्यले साधारण सभाको अध्यक्षता ग्रहण गर्नेछ।

(ङ) साधारण सभा बोलाउंदा सवै सदस्य कृषकहरुलाई कम्तिमा ७ (सात) दिनको अग्रिम सूचना दिईने छ। उक्त सूचनामा साधारण सभा हुने मिति, समय, स्थान र विषय वारे स्पष्ट उल्लेख भएको हुनु पर्दछ।

(च) साधारण सभामा कूल सदस्य संख्याको ५१ प्रतिशत भन्दा कम सदस्यहरुले भाग लिन आएमा गणपुरक नपुगेको मानी सभा स्थगित गरिनेछ।

(छ) यसरी गणपुरक नपुगेको अवस्थामा दोश्रो सूचना दिई ३ दिन पछि पुन : साधारण सभा वोलाईने छ ।

(ज) यसरी दोश्रो सूचनाद्धारा वोलाईएको साधारण सभामा २५ प्रतिशत भन्दा वढी सदस्यहरुले भाग लिन आएमा कोरम पुगेको ठहर गरी सभा संचालन गरिने छ ।

(झ) उपस्थित सदस्यहरुको साधारण वहुमतले कुनै निर्णय गरेमा त्यसलाई वैध मानिने छ ।

(ञ) साधारण सभाको अन्य प्रकृयागत निर्णयहरु साधारण सभा स्वयंले निर्धारण गर्न सक्नेछ ।

(१०) **साधारण सभाको काम, कर्तव्य र अधिकार** :-

साधारण सभाको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछन :-

(क) सिंचाई प्रणालीको निर्माण सुधार, संचालन, मर्मत संभार र व्यवस्थापनको लागि आश्यक उपनियमहरु वनाउने र जारी गर्ने ।

(ख) साधारण सभाका सदस्यहरु मध्येवाट कृषक सिंचाई संस्था व्यवस्थापन समितिको लागि पदाधिकारीहरुको चयन गर्ने ।

(ग) यस जल उपभोक्ता समितिको लेखा परीक्षण प्रतिवेदनलाई अनुमोदन गर्ने ।

(घ) यस जल उपभोक्ता समितिको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

(ङ) यस जल उपभोक्ता समितिले पेश गरेको वार्षिक वजेटलाई स्वीकृति प्रदान गर्ने ।

(च) नहर संरचना निर्माण तथा जल उपभोक्ता संस्थाको कार्यालय भवन निर्माणको लागि संस्थाको नाउँमा जग्गा खरिद/व्यवस्था गर्नु परेमा साधारण सभावाट अनुमोदन गर्ने ।

**(११) उपभोक्ता समितिको गठन/वैठक प्रकृया :-**

(क) साधारण सभाका सदस्यहरुले आफू मध्येवाट सिंचाई प्रणालीको सवै क्षेत्रको प्रतिनिधित्व हुने गरी वढीमा .........जनाको उपभोक्ता समितिको निर्माण गर्नेछ ।

(ख) उपभोक्ता समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष पदाधिकारी र अन्य ......जना सदस्यहरु हुने छन् ।

(ग) पदाधिकारी तथा कार्यकारिणी सदस्यहरुको पदावधि ३ (तीन) वर्षको हुनेछ र सो अवधि समाप्त हुनु भन्दा ३ महिना अगावै आवश्यक तयारी र प्रकृया पुरा गरी ३ बर्ष भित्रै नयाँ निर्वाचन गराई चार बर्षको शुरुमा नै नयाँ निर्वाचित कार्य समितिलाई पुरानो समितिवाट आफनो जिम्माको दायित्व हस्तान्तरण गर्नु पर्नेछ ।

(घ) सिंचाई उपभोक्ता समिति गठन गर्दा कम्तिमा ६७ %उपभोक्ता/कृषकहरुको भेलावाट निर्णय गरी ३३ % महिला, समानुपातिक रुपमा जनजाति तथा दलित एवँ कोषाध्यक्षमा अनिवार्य रुपमा महिला हुनु पर्ने छ ।

(ङ) उपभोक्ता समिति गठन गर्दा विभिन्न विषयमा दखल भएका कुशल नेतृत्व दिन सक्ने संस्थाको हित हुने कार्यमा दत्तचित्त रहने व्यक्तिलाई प्रोत्साहन गरिनेछ ।

(च) उपभोक्ता समितिको पदाधिकारी तथा सदस्य हुनको लागिनिर्माण व्यवसायी तथा कुनै पनि सरकारी पदमा बहाल नभएको (शिक्षक, कर्मचारी समेत) र लाभको पद धारण नगरेको व्यक्ति चयन गर्नु पर्नेछ ।

(छ) उपभोक्ता समितिको पदाधिकारीहरु (अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव) को दुई कार्य काल भन्दा वढी हुने छैन ।

(ज) ज.उ.स. को पदाधिकारी तथा सदस्य हुनको लागि अनिवार्य रुपमा समयमा नै सिंचाई सेवा शुल्क चुक्ता गरेको हुनु पर्दछ ।

(१२) .........................**सिंचाई उपभोक्ता समितिको वैठक** :-

(क) उपभोक्ता समितिको वैठक घटीमा वार्षिक ........पटक हुनेछ ।

(ख) उपभोक्ता समितिको अध्यक्षले आवश्यक ठानेमा आकष्मिक वैठकहरु पनि वोलाउन सक्नेछ । कार्यकारिणी सदस्यहरु मध्ये २५ प्रतिशत वा सो भन्दा वढीले समितिको अध्यक्षलाई लिखित अनुरोध गरेमा पनि व्यवस्थापन समितिको वैठक वोलाईनेछ ।

(ग) सचिवले अध्यक्षको सिफारीस अनुसारको समय, मिति र ठाउंमा समितिको वैठक वोलाउने छ ।

(घ) समितिको वैठकको सभापतित्व समितिको अध्यक्षले गर्नेछन् । वहांको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले चयन गरेको सदस्यले सभापतित्व गर्नेछन् ।

(ङ) वैठकमा न्यूनतम गणपुरक संस्याको लागि ५१ प्रतिशत भन्दा वढी कार्यकारिणी सदस्यहरुको उपस्थिति हुनु आवश्यक छ।

(च) सवै कार्यकारिणी सदस्यहरुलाई कम्तिमा ३ दिन अगाडि नै वैठक वारे जानकारी दिनु पर्नेछ ।

(छ) न्यूनतम गणपुरक संख्या नपुगेमा वैठक स्थगित गरी दोश्रो पटक वैठकको सूचना जारी गर्न सक्नेछ ।

(ज) दोश्रो पटक वोलाईएको समितिको वैठकमा २५ प्रतिशत मात्र सदस्यहरु उपस्थित भएमा पनि वैठक वस्न सक्नेछ ।

(झ) वैठकमा साधारण वहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(ञ) वैठक सम्वन्धी अन्य कार्यविधि वारे आवश्यक निर्णय समिति स्वयंले गर्नेछ ।

(१३) ......................**सिंचाई उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारहरु** :

यस जल उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारहरु निम्न अनुसार हुनेछन् :-

(क) संस्थाको वार्षिक कार्यक्रमहरु र आर्थिक विवरणहरु साधारण सभामा पेश गर्ने ।

(ख) साधारण सभावाट पारित योजना र कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) उपरोक्त योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि संस्थाको आर्थिक श्रोतवाट आवश्यक वजेटको व्यवस्था मिलाउने।

(घ) संस्थाको नामवाट हुने अन्य सम्पूर्ण कार्यहरु सम्पादन गर्ने ।

(ङ) संस्थाको कार्य सम्पादन गर्न कार्यकारिणी सदस्य वा संस्थाको सदस्यलाई अधिकार प्रत्यायोजन गर्ने ।

(च) साधारण सभा नबसुन्जेलको लागि रिक्त पदहरुको पदपूर्ति गर्न संस्थाका सदस्यहरुलाई मनोनयन गर्ने ।

## परिच्छेद - ५

## ...............सिंचाई उपभोक्ता समितिका कार्यकारिणी सदस्यहरु :-

(१४) समितिका कार्यकारिणी सदस्यहरुको काम, कर्तव्य र अधिकारहरु :

(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :-

-साधारणसभा र समितिको वैठकको अध्यक्षता गर्ने ।

-समितिको वैठकको मिति, समय, स्थान र विषय किटान गर्ने ।

-समितिको वैठकमा कुनै विषयमा मत विभाजन भई पक्ष र विपक्षमा वरावर भोट वांडिन गएमा निर्णायक भोटको प्रयोग गर्ने ।

-संस्थाको प्रतिनिधित्व गर्ने वा प्रतिनिधित्व गर्न पदाधिकारी वा कार्यकारिणी सदस्यको चयन गर्ने ।

-समितिको अकष्मिक गैठक आवश्यक परेको समयमा वोलाउने ।

-कार्यान्वयन समितिका सदस्यहरुलाई क्रियाशील वनाउने र तिनीहरुको गतिविधिमा समन्वय ल्याउने ।

-सेवा निकायको कार्यक्रमहरुमा तालमेल ( समन्वय ) गराउने ।

-सिंचित खेती प्रणाली कार्यान्वयन गर्ने, गराउने ।

(ख) **उपाध्यक्षको काम, कर्तव्य र अधिकार** :-

-अध्यक्षलाई दैनिक काम सम्पादनमा सघाउनु ।

-अध्यक्षको अनुपस्थितिमा निजले प्रयोग गर्ने सम्पूर्ण अधिकार प्रयोग गरी कार्य सम्पादन गर्ने, गराउने ।

(ग) **सचिव** :-

-यस सिंचाई उपभोक्ता समितिको निर्णयानुसार साधारणसभा वोलाउने ।

-अध्यक्षको आदेशानुसार समितिको वैठक वोलाउने ।

-समितिको वैठकमा भएका निर्णयहरु र निर्णय पुस्तिकामा रेकर्ड अद्यावधिक राख्ने ।

-साधारण सभा समक्ष संस्थाको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।

-समितिको विधान, नीति र निर्णयहरु अनुरुप समितिको तर्फवाट पत्राचार गर्ने ।

-अध्यक्षद्धारा निर्देशित अन्य कार्यहरु सम्पादन गर्ने ।

(घ) **कोषाध्यक्ष** :-

-समितिको नगद र जिन्सी सम्पत्तिको जिम्मेवारी लिने र त्यसको अद्यावधिक रेकर्ड राख्ने

-समितिको वार्षिक वजेट तयार गरी समितिमा पेश गर्ने ।

-समितिको आय व्ययको हरहिसाव राख्ने

-सदस्यता शुल्क, जरीवाना, चन्दा, चुंगी र अन्य शुल्कहरु उठाउने ।

-समितिको आर्थिक कारोवारमा निगरानी र नियन्त्रण गर्ने ।

## परिच्छेद - ६

## वित्तिय र श्रोत व्यवस्थापन

(१५) **आम्दानीका श्रोतहरु** :

यस जल उपभोक्ता समितिको आम्दानीका निम्न श्रोतहरु हुन सक्छन् :-

(क) सदस्यता शुल्क

(ख) सिंचाई सेवा शुल्क

(ग) सदस्यहरुवाट असूल गरिएका जरीवाना र अन्य शुल्कहरु ।

(घ) संस्थाले विभिन्न व्यक्ति वा निकायवाट प्राप्त गरेका दान, चन्दा, उपहार, आर्थिक सहयोग, अनुदान आदि

(ङ) संस्थाले विभिन्न वित्तिय श्रोतहरुवाट प्राप्त गर्ने ऋण रकम ।

(१६) **चालु र स्थिर सम्पत्तिको हरहिसाव राख्ने** :

संस्थाको विधान वमोजिम चालु र स्थिर पुंजीको हरहिसाव ........... ....................सिंचाई उपभोक्ता समितिको निर्देशन अनुसार राखिनेछ । अचल सम्पत्तिको तथ्यांक पनि समितिको सिफारीस अनुसार राखिनेछ ।

(१७) **कोष** :

.......................सिंचाई उपभोक्ता समितिको कार्यहरु सम्पादन गर्न एउटा कोष खडा गरिनेछ । संस्थाको नाउंमा प्राप्त हुने सवै आम्दानी यसै कोषमा जम्मा गरिने छ । संस्थाको कार्यहरुमा लाग्ने सम्पूर्ण खर्च पनि यसै कोषको प्रयोग गरी खर्च

गरिने छ । यस कोषको संचालन समितिको निर्देशन वमोजिम गरिनेछ ।

(१८) **लेखापरीक्षण** :

(क) साधारणसभाले नियूक्ति गरेको मान्यता प्राप्त लेखापरीक्षकबाट संस्थाको आर्थिक कारोवारको वार्षिक लेखापरीक्षण गराइने छ ।

(ख) साधारण सभालाई लेखापरीक्षण प्रतिवेदनको पुनरावलोकन र अनुमोदनको अधिकार रहनेछ । यदि प्रतिवेदनमा अनियमितता भेटिएमा साधारण सभाले ....................................सिंचाई उपभोक्ता समितिलाई सच्याउन आदेश जारी गर्नेछ । संस्थाको हरहिसाव र लेखा परीक्षण प्रतिवेदन मुसिकोट नगरपालिकालाई बुझाउनु पर्नेछ ।

## परिच्छेद - ७
## विविध

(१९) **चुनाव** :

साधारण सभाका सदस्यहरुले .......................... सिंचाई उपभोक्ता समितिका पदाधिकारीहरुवाट कार्यकारिणी सदस्यहरुको चयन गर्नेछन् ।

(२०) **समितिको सदस्यताको लागि अयोग्यता** :-

कुनै सदस्य मानसिक रुपमा अस्वस्थ वा शारीरिक रुपमा अपाङ भएको कारणले कार्य गर्न असमर्थ छ भने ............................ सिंचाई उपभोक्ता समितिको सदस्यता ग्रहण गर्न अयोग्य ठहर गरिनेछ ।

(२१) **अविश्वासको मत** :-

(क) यदि समितिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्य विरुद्ध साधारण सभाका ५१ प्रतिशत भन्दा वढी सदस्यहरुले उक्त पदाधिकारी वा सदस्यहरुले आफूलाई दिएको जिम्मेवारी ईमान्दारीसाथ निभाउन असक्षम भएको दावी गर्दै निवेदन दिएमा उक्त निवेदन अनुसार साधारण सभाको उपस्थित सदस्य मध्ये दुई तिहाई वहुमतले समर्थन समेत गरिएमा उक्त कार्यकारिणी सदस्यलाई आफ्नो ओहदामा बस्ने अधिकार रहने छैन ।

(ख) साधारण सभामा माथि उल्लेखित निर्णय गर्नु अगाडि त्यस व्यक्ति ( जसको विरुद्ध निवेदन परेको छ ) लाई आफ्नो विरुद्ध लागेको आरोपको सफाई पेश गर्ने मौका दिइने छ ।

(ग) यदि अविश्वासको मत साधारणसभावाट पारित भएन भने सोही व्यक्ति विरुद्ध एक वर्ष ननाध्दै अर्को अविश्वासको मत पुन : दर्ता गराउन पाइने छैन ।

(२२) **राजीनामा** :-

कुनै पदाधिकारी वा कार्यकारिणी सदस्यले स्वेच्छोले आफ्नो पदवाट समितिको अध्यक्ष समक्ष राजीनामा पेश गरेमा सो राजीनामा स्वीकृत गर्ने वा नगर्ने अधिकार साधारण सभालाई रहने छ ।

(२३) ..................**सिंचाई उपभोक्ता समितिको सदस्यतावाट निष्काशन** :-

समितिको कुनै पदाधिकारी वा कार्यकारिणी सदस्यले विना पूर्व सूचना साधारण सभाको दुईवटा वैठकमा वा समितिको चारवटा वैठकमा लगातार अनुपस्थित रहेमा निजको सदस्यता स्वतः खारेज हुनेछ

(२४) **संशोधनको अधिकार** :

विधान संशोधन गर्न आवश्यक पर्न आएमा सो कुरा साधारण सभामा पेश गरी सो सभाको सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमतले पारित गरेमा सम्बन्धित निकायबाट स्वीकृत लिई संशोधित विधान लागु गर्न सक्नेछ । विधान संशोधनको प्रस्ताव साधारण सभा बस्नुभन्दा १५ दिन अगावै समिति कार्यालयमा दर्ता हुनु पर्दछ । त्यसरी विधान संशोधन गर्दा खानेपानी सरसफाई तथा सिंचाई उपभाृक्तासमिति संचालन कार्यविधि, २०७८ को अनूसुची ...मा व्यवस्था गरिएको नमुना विधान विपरित गर्न पाइने छैन ।

(२६) **दण्ड सजाय लागू गर्ने अधिकार** :

समितिले अनाधिकार पानीको प्रयोग, सिंचाइ संरचनाहरुको हानी नोक्सानी आदि रोक्न विभिन्न दण्ड सजाय, जरीवाना वा सदस्यतावाट निलम्बन आदि व्यवस्था लागु गर्न सक्ने छ ।

***५७. संस्था विघटन :***

संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी अन्य कुनै कारणले यस संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा, चलअचल सम्पत्ति नेपाल सरकारको नाममा सर्नेछ ।

***५८. बचाउ :***

यस अघि ...........सिंचाई उपभोक्ता समिति नामबाट भएका सम्पूर्ण कार्यहरु यस विधान अन्तर्गत भए सरह मानिनेछ ।

(२७) **सम्झौता गर्ने अधिकार** :

संस्थाले प्रशस्त मात्रामा पानी उपलब्ध गराउन, पानीको निकास गर्न र सिंचाइ सुविधा पुर्‍याई कृषि उत्पादनमा वृद्धि ल्याउन आवश्यक संरचनाको निर्माण सुधार गर्न कुनै पार्टीसंग ठेक्का पट्टा वा संझौता गर्न सक्नेछ ।

अनुसूची ४

(दफा ४ को उपदफा( ५) सँग सम्बन्धित)

# मुसिकोट नगरपालिकाको कार्यालय

## रुकुम (पश्चिम)

## उपभोक्ता समिति दर्ता प्रमाण-पत्र

दर्ता नं.

मुसिकोट नगरपालिका वडा नं. ..... को .................. टोलमा गठन भएको श्री (सम्बन्धित उपभोक्ता संस्थाको नाम) ....................................................... लाई मुसिकोट नगरपालिका, खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति संचालन कार्यविधि, २०७८ को दफा (४) को उपदफा (२) बमोजिम यस कार्यालयमा दर्ता गरी यो दर्ता ध प्रमाणपत्र प्रदान गरिएकाले मुसिकोट नरपालिकाको खानेपानी सरसफाई तथा सिंचाई उपभोक्ता समिति संचालन कार्यविधि, २०७८ बमोजिम आफ्नो कार्यसञ्चालन गर्नुहोला ।

मिति : २०७....../....../.......

प्रमाणपत्र प्रदान गर्नेको

सही : ............

नाम, थर :

पदःप्रमुख प्रशासकीय अधिकृत

# नविकरण प्रमाण-पत्र

| सि.नं. | नविकरण भएको मिति | दर्ता प्रमाणपत्र वहाल रहने मिति | नविकरण दस्तुर/रसिद नं.र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आज्ञाले,
शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत